धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिका बैठक, बैठक संख्या ५/०८०/०८१

आज मिति २०८० साल मंसिर ७ गते, बिहिबारका दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थितीः

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री मातृका भट्टराई | प्रमुख प्रशासकीयअधिकृत(सचिव) | धउमनपा | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | राजेन्द्र | वावा ४ नं वडा | | |
| २ | | " | " | |

मिति २०८०/०८/०७ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरु:

१. **बैठकको गणपुरक संख्या सम्बन्धमाः-**

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २७ जना सदस्यहरूको उपस्थित रहेकोले गणपुरक संख्या पुरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमाः-**

यस अघि मिति २०८० असोज १७ गते वसेको कार्यपालिका वैठकबाट १ वटा निर्णय भएकोमा उक्त निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्रचार गरियो।

३. **स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० सम्बन्धमाः-**

यस उपमहानगरपालिकाबाट तयार गरी वातावरण तथा विपद् व्यवस्थापन महाशाखाबाट स्वीकृतीका लागि पेश भएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

४. **खरिद नियमावली २०७८ संशोधन सम्बन्धमाः-**

संघीय सार्वजनिक खरिद नियमावली २०६४ को एघारौं र बाहौं संशोधन अनुसार धरान उपमहानगरपालिकाको सार्वजनिक नियमावली २०७८ अद्यावधिकका लागि अद्यावधिक समितिबाट पेश भएको खरिद नियमावली २०७८ संशोधन स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। उक्त खरिद नियमावली २०७८ संशोधन प्रमाणित गरी छुट्टै राखिने छ।

५. **बराह बचत तथा ऋण सहकारी संस्थालाई संकटग्रस्त घोषणा गर्ने सम्बन्धमा।**

धरान उपमहानगरपालिका वडा नं. ८ मा रहेको बराह बचत तथा ऋण सहकारी संस्थाले सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुसारको प्रक्रियाहरुलाई पालना नगरेको र उक्त संस्थाको विषयमा विगत देखि नै यस कार्यालयमा विविध गुनासा सहित आवश्यक कानुनी उपचारका लागि उपमहानगरपालिकालाई सहकारी पिडितहरुबाट लिखित अनुरोध समेत गरेकाले धरान उपमहानगरपालिकाको सहकारी ऐन २०७५ को दफा ७७ अनुसार बराह बचत तथा ऋण सहकारी संस्थालाई संकटग्रस्त घोषणा गर्नुपर्नेमा कार्यपालिकाका अधिकांश सदस्यहरुले हाल संकट ग्रस्त घोषणा नगर्ने भनेकोले हाललाई बराह बचत तथा ऋण सहकारी संस्थालाई संकटग्रस्त घोषणा नगर्ने निर्णय गरियो।

६. **विविध शैक्षिक कार्यक्रम (विद्यालय बाहेक) संचालन अनुमति तथा नियमन सम्बन्धी निर्देशिका सम्बन्धमाः-**

धरान नगर क्षेत्रमा सञ्चालन भएका र सञ्चालन हुने होस्टल, पुस्तकालय, कोचिङ कक्षा, ट्युसन सेन्टर, ब्रिज कोषको पूर्व तयारी कक्षा, भाषा शिक्षण कक्षा जस्ता शैक्षिक गतिविधिहरुलाई अनुमती प्रदान गर्न तथा नियमन गर्नका लागि सम्बन्धित महाशाखाबाट तयार भै पेश भएको विविध शैक्षिक कार्यक्रम(विद्यालय बाहेक) संचालन अनुमती तथा नियमन सम्बन्धी निर्देशिका २०८० विस्तृत अध्ययन गरी आगामी कार्यपालिकाबाट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

७. **कार्यगत अभ्यास (OJT) सहितको तालिमका लागि विषयहरु छनौट सम्बन्धमाः-**

दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (ENSSURE) दोस्रो चरणका कार्यक्रमहरुतर्फ आ.व. २०८०।८१ मा धरान उपमहानगरपालिकामा कार्यगत अभ्यास (OJT) सहितको १० महिने तालिमका लागि ६० जना युवाहरुका लागि (एक समूहमा २० जना रहने गरी) कार्यक्रम तथा बजेट प्राप्त भएकोमा स्थानीय श्रम बजारको माग समेतलाई दृष्टिगत गरी मिति २०८०।०६।२१ को नगर प्रमुख स्तरीय निर्णयबाट हाल प्राप्त CTEVT को तह २ का पाठ्यक्रमहरुमध्ये Professional Plumber विषयमा २० जना ,Professional Cook विषयमा २० जना र Professional Building Electrician विषयमा २० जनाको तालिम सञ्चालन गर्ने निर्णय भएकोमा सो निर्णय अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

८. **आ.व. ०८०।८१ का लागि थप निर्माण सामाग्री एवम् परामर्श सेवा दिने व्यक्ति वा विज्ञ समूहको पारिश्रमिक लगायतको नगर दररेट अनुमोदन गर्ने सम्बन्धमाः-**

नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागले मिति २०७८।७।४ मा निर्धारण गरेको विज्ञहरुको पारिश्रमिकलाई नै आधार मानी चालु आ.व. ०८०।८१ मा धरान उपमहानगरपालिकाबाट परामर्श सेवा खरिद गर्दा प्रयोग हुने विज्ञहरुको पारिश्रमिक निर्धारण गर्ने भनी मिति २०८०।४।८ को निणर्यलाई अनुमोदन गर्ने। साथै सुनसरी जिल्ला दररेट निर्धारण समितिले आ.व. ०८०।८१ को लागि तयार गरेको निर्माण सामाग्री, कामदारको ज्याला, ढुवानी, मेशिन तथा उपकरणको दररेटमा समावेश नभएका थप सामग्रीहरुको दररेट गत आ.व. कै दररेटलाई नै निरन्तरता दिने गरी मिति ०८०।५।१० मा भएको निर्णयलाई सर्वसम्मत अनुमोदन गरियो।

९. **औद्योगिक ग्राम, धरान ६ को विस्तृत अध्ययन प्रतिवेदन (डि.पि.आर.) स्वीकृत गर्ने सम्बन्धमाः-**

धरान-६ पानवारीमा निर्माणाधिन औद्योगिक ग्रामको श्री बि.डि.ए.-आर्टिस्टा-क्वेस्ट जे.भी. मार्फत आ.व. ०७८।७९ मा तयार गरिएको कुल लागत अनुमान रु. ३२,०१,३३,०३९।७९ (अक्षरुपी रुपैया बत्तीस करोड एक लाख तेत्तीस हजार उनन्चालिस तथा पैसा उनासी मात्र) को विस्तृत अध्ययन प्रतिवेदन (डि.पि.आर.) स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

१०. **६ नं. वडा कार्यालयको भवन निर्माणको लागि प्रदेश कार्यालयमा सहयोग माग्ने सम्बन्धमाः-**

धरान उपमहानगरपालिका ६ नं वडा कार्यालयको भवन निर्माण गर्नका लागि स्वीकृत डिजाइन तथा लागत अनुमान बमोजिम आवश्यक रकम सहयोग उपलब्ध गराउन प्रदेश सरकार अन्तर्गतका सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालयमा सहयोग माग्ने सर्वसम्मत निणर्य गरियो।

११. **दैनिक रकम उठाउने सम्बन्धमाः-**

यस कार्यालयले नगर क्षेत्रमा सामान ढुवानी गर्ने सवारी साधनहरुलाई पूर्वाधार (सडक) उपयोग सेवा शुल्क उठाउने सम्बन्धमा चालु आर्थिक वर्ष २०८०/०८१ को ठेक्का प्रकृयामा रहेको र साविक ठेकेदारले गत वर्ष कबुल गरेको ठेक्का रकममा ठेक्कामा काम गर्न असमर्थ रहेको भनी निवेदन पेश गरेको हुँदा यस कार्यालयको मिति २०८०/०३/३१ को निर्णय अनुसार हाललाई २०८० श्रावण १ देखि अर्को व्यवस्था नभएसम्म दैनिक रु. २३०००/- (कर समेत) बुझाउने गरी श्री पाथिभरा निर्माण सेवा मार्फत राजस्व संकलन गर्ने निर्णय अनुमोदन गरियो।

१२. **घरनक्सा दस्तुर सम्बन्धमाः-**

यस कार्यालयले लिने घरनक्सा नामसारी दस्तुर एकाघरको सगोलको परिवारको सदस्यको नाममा रहेको घर नामसारी गर्दा लिने राजस्व रु. १०००/- निर्धारण भएकोमा मालपोत कार्यालयबाट जग्गा नामसारी हुँदा घर उल्लेख नभएको हकमा समेत सोही बमोजिम राजस्व लिई घर कायमको लागि सिफारीश गर्ने राजस्व परामर्श समितिको निर्णय अनुमोदन गरीयो।

१३. **पूर्वाधार (सडक) ठेक्कामा लगाउने सम्बन्धमाः-**

धरान उपमहानगरपालिकाको पूर्वाधार (सडक) ठेक्का लगाउने सम्बन्धमा नगरको निर्णय अनुसार न्यूनतम कबोल अंक मू.अ. कर समेत रु. **१,१२,००,०००/- (एककरोड बाह्रलाख रुपैया मात्र)** कायम गरी ३० दिन र १५ दिनको म्याद दिई बोलपत्र आह्वानको सूचना प्रकाशन गर्दा समेत कुनै पनि बोलपत्रदाताहरुले सो बोलपत्रमा भाग नलिएको कारण कायम भएको न्यूनतम् कबुल अंक रु. १,१२,००,०००/- (एककरोड बाह्रलाख रुपैया मात्र) लाई हालको आर्थिक मन्दिको अवस्थामा अत्याधिक रहेको भन्ने बुझिएको हुँदा उक्त न्यूनतम् कबुल अंक **रु.७५,००,०००/- (पचहत्तरलाख मात्र)** मू.अ.कर समेत निर्धारण गरी ठेक्का प्रकृया अगाडी बढाउने सम्बन्धमा राजस्व परामर्श समितिको मिति २०८०/०५/२९को निर्णय अनुमोदन गरीयो।

१४. <u>बहाल कर संकलन कार्य सम्बन्धमाः-</u>

यस कार्यालयले संकलन गर्ने व्यवसाय करलाई प्रभावकारी बनाउन नगरभित्र रहेका घरजग्गा पुरै वा आंशीक रुपमा बहालमा बहाल लिंदादिंदा दुवै पक्ष बीच अनिवार्य रुपमा सम्झौता गरी बहालमा लिनेदिने कार्य गर्ने व्यवस्था गर्ने, बहाल सम्झौता लिखत प्रमाणिकरणको नियम अनुसार वडा कार्यालयबाट गर्ने र बहाल सम्झौता लिखत प्रमाणिकरण दस्तुर निःशुल्क गरी दिने व्यवस्था गर्ने, बहालको भुक्तानी अनिवार्य रुपमा बैंकिङ प्रणाली मार्फत गर्नु पर्ने व्यवस्था गर्ने र बहालको सम्झौताको मुख्य प्रावधानहरुको एकरुपताको लागि सम्झौताको नमूना तयार गरी वडा कार्यालयहरुलाई उपलब्ध गराउने व्यवस्था गर्ने सम्बन्धमा राजस्व परामर्श समितिको निर्णय अनुमोदन गरीयो।

१५. <u>सम्पत्ति व्यवस्थापन कार्ययोजना (Asset Management Action Plan-AMAP) स्वीकृत गर्ने सम्बन्धमाः-</u>

संयुक्त राष्ट्रसंघीय पूंजी विकास कोष (UNCDF) को सहयोगमा तयार भएको यस नगरपालिकाको सडक तथा सतह ढलको व्यवस्थापन कार्ययोजना (AMAP) को मस्यौदा स्वीकृत गरी कार्यान्यवन गर्ने सर्वसम्मत निर्णय गरियो। स्वीकृत कार्ययोजना प्रमाणित गरी टाँस गरिनेछ।

१६. <u>सडकको नामाकरण तथा मापदण्ड सम्बन्धमाः-</u>

धरान उपमहानगरपालिकाकाका विभिन्न वडाहरुमा खोलिएको बाटाको नामाकरण तथा मापदण्ड सम्बन्धमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ताको संयुक्त निर्णय तथा प्राविधिकको स्थलगत अनुगमनको आधारमा सम्बन्धित शाखा महाशाखाको राय बमोजिम नगर प्रमुख स्तरबाट निर्णय भएको तथा प्रस्ताव पेश भएका सडकको नामाकरण तथा मापदण्ड सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत भएका सडकको नामाकरण तथा मापदण्ड प्रमाणित गरी पछाँडी पानामा टाँस गरिने छ।

१७. <u>चोकको नामकरण तथा बाटोको नाम परिवर्तन सम्बन्धमाः-</u>

क. <u>चोकको नामाकरण सम्बन्धमा।</u>

याक्थुङ लिम्बुहरुको ऐतिहासिक व्यक्तित्व लिपि दाता सिरी जंङ्गा सिं थेबेको धरान-८ तिनकुनेमा अवस्थित शालिक रहेको स्थानलाई शालिककै नामबाट चोकको नामाकरण गरी पाउँ भनी किराँत याक्थुङ चुम्लुङ उपमहानगर कार्य समिति धरानले पेश गर्नु भएको निवेदन, सम्बन्धित वडाको राजनीतिकदलहरु, विभिन्न संघ संस्थाहरु, टोल विकास संस्था तथा स्थानीय बुद्धीजिवीहरुको उपस्थितिमा मिति २०८०/०६/२० गते बैठकको निर्णय बमोजिम तिनकुने चोकको नाम परिवर्तन गरि <u>तिनकुने सिरीजंगा चोक</u> नामाकरण गर्ने निर्णय भएकोले सोको प्रतिलिपी सहित सम्बन्धित वडा कार्यालयबाट सिफारिस साथ चोक नामाकरणको लागि अनुरोध भई आएकोले उक्त चोक लाई <u>तिनकुने सिरीजंगा चोक</u> नामकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

ख. <u>बाटोको नाम परिवर्तन सम्बन्धमा।</u>

धरान-१५ स्थित श्रद्धान्जली मार्ग कालोपत्रे तथा स्लाव निर्माण उपभोक्ता समितिका अध्यक्ष शुशिला चापागाई श्रेष्ठले पेश गर्नु भएको निवेदन, स्थानीय उपभोक्ताको संयुक्त निर्णय तथा वडा कार्यालयको सिफारिसको आधारमा साविक श्रद्धान्जली मार्ग नाम कायम भएको बाटोको नाम परिवर्तन गरी श्रद्धा मार्ग कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

१८. <u>३३ के.भि.ए. हाइटेन्सन लाइन स्थानान्तरण तथा सेउती खोला करिडोर परियोजनाका लागि सहजीकरण समिति गठन गर्ने सम्बन्धमाः-</u>

धरान उपमहानगरपालिका वडा नं. ४, ५, ६, ८, ९, १३, १४, १५ र १९ भएर विस्तारित धरान-धनकुटा ३३ के.भी.ए. राष्ट्रिय प्रसारण लाइनको कारण उक्त क्षेत्रमा रहेका स्थानीय वासिन्दा साथै धरानको पर्यटकीय सम्भावना र पूर्वाधार विकासलाई समेत प्रत्यक्ष असर पुग्ने भएकोले उक्त हाइटेन्सन लाइन स्थानान्तरणका लागि सेउती खोला करिडोर उपयुक्त देखिएकोले सो कार्यका लागि सेउती खोला किनारमा रहेका वस्तीका बासिन्दाहरुसँग आवश्यक छलफल तथा समन्वय एवम् नाँपजाच गरी सम्भाव्यता अध्ययन गर्न वडा नं. १५ का वडाध्यक्ष श्री नरेश कुमार ईवारमको संयोजकत्वमा माथि उल्लेखित ३३ के.भि.ए हाइटेन्सन लाइन विस्तार भएका वडाका वडाध्यक्षहरु सदस्य रहेन गरी सहजीकरण समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

१९. उमेरको हकबन्दीका कारण निकालिएका कर्मचारीहरुलाई आर्थिक सहयोग रकम दिने सम्बन्धमा:-।

धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत नगर कार्यपालिकाको कार्यालय, मातहतका कार्यालय तथा घण्टा घरमा कार्यरत उमेरको हकबन्दीका कारण सेवाबाट अवकास दिइएका कर्मचारीहरुलाई उपदान बमोजिमको रकम उपलब्ध गराउने विषयमा वडा नं. २ को वडाध्यक्ष श्री रमेश राईज्यूको संयोजकत्वमा तपसिल बमोजिम वडाका वडाध्यक्ष सदस्य रहने गरी समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

- श्री रमेश राई, वडाध्यक्ष, वडा नं २- संयोजक
- श्री धनबहादुर राई, वडाध्यक्ष, वडा नं. ८- सदस्य
- श्री नेत्रप्रसाद काफ्ले, वडाध्यक्ष, वडा नं. १३- सदस्य
- श्री कृष्ण प्रसाद भट्टराई, वडाध्यक्ष, वडा नं. १४- सदस्य
- श्री नरेशकुमार ईवारम, वडाध्यक्ष, वडा नं. १५- सदस्य
- श्री पुर्ण लिम्बु, वडाध्यक्ष, वडा नं. १९- सदस्य

२०. विविधः-

क. आर्थिक सहयोगः

यस उपमहानगरपालिकामा बसोवास गर्ने नागरिकहरुको विभिन्न रोगको कारण मृत्यु भएका तथा हाल उपचारार्थ रहनु भएका तपसिल बमोजिका व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

- शान्ता राई, धरान-१६, कलेजो रोगको उपचार गराइरहेको- आर्थिक सहयोग रु. १५०००/-
- हेमराज श्रेष्ठ, धरान-१६, दुर्घटनामा परि हात भाच्चिएको- आर्थिक सहयोग रु. १५०००/-
- कैलाश राई, धरान-१६, डेङ्गु रोगबाट मृत्यु भएको- आर्थिक सहयोग रु. १५०००/-
- आशिष ठकुरी, धरान-१५, फोक्सोमा पानि जमेको- आर्थिक सहयोग रु. १५०००/-
- गीता गजमेर, धरान-१, मस्तिष्क रोगको उपचार गराइरहेको- आर्थिक सहयोग रु. १५०००/-
- यमकुमारी वि.क., धरान-६, मुटु सम्बन्धी उपचार गर्न- आर्थिक सहयोग रु. १५०००/-
- हरिबहादुर दखाली मगर, धरान-१७, दाहिने खुट्टाको घुडा देखी मुनी काट्नु पर्ने- आर्थिक सहयोग रु. १५०००/-
- कृष्ण खड्का, धरान-१३, मानसिक रोगी भई उपचार गराइरहेको- आर्थिक सहयोग रु. १५०००/-
- हर्कराज चाम्लिङ्ग राई, धरान- १४, मृगौला रोगको उपचार गराइरहेको- आर्थिक सहयोग रु. १५०००/-
- मकरध्वज जिमी, धरान- १४ टिभी रोगबाट पिडित- आर्थिक सहयोग रु. १५०००/-

ख. भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा:-

धरान उपमहानगरपालिका वडा नं. १७/१८ भित्र स्थायी बसोबास गर्नुहुने सम्पूर्ण भारतीय भू.पू. सैनिकका परिवारहरुलाई प्राविधिक ज्ञान सम्बन्धी प्रशिक्षण एवं संघबाट हुने गरेका सभा, गोष्ठी, बैठक लगायतका विभिन्न कार्यक्रमहरु हाललाई आफ्नै निज निवासमा गर्दै आइरहेकोमा त्यस्ता कार्यक्रमहरु निज निवास मै सञ्चालन गर्न असहज भएकोले धरान उपमहानगरपालिका वडा नं. १७ इलाका भित्र पर्ने सरकारी जग्गामा बैठक भवन निर्माणका लागि भारतीय भूतपूर्व सैनिक संघ इकाई कार्य समिति धरान-१७/१८ बाट जग्गा माग गरिएको सम्बन्धमा वडा नं. १७/१८ का वडाध्यक्षबाट वडा नं. १७ भित्र रहेका सरकारी जग्गाको पहिचान गरी सिफारिस गरेमा जग्गा उपलब्धका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

ग. हरित जलवायू कोष (GCF) को सहयोगमा कार्यान्वयन हुने पाँच वर्षे खाना पकाउने स्वच्छ उर्जा कार्यक्रम सम्बन्धमाः-

नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र (AEPC) मार्फत हरित जलवायू कोष (GCF) को सहयोगमा कार्यान्वयन हुने पाँच वर्षे खाना पकाउने स्वच्छ उर्जा कार्यक्रममा साझेदारी गर्न इच्छुक स्थानीय तहहरुका लागि आशय पत्रसहितको माग संकलन सम्बन्धमा मिति २०८०/०६/२४ गतेको सूचना बमोजिम धरान उपमहानगरपालिकाबाट तपसिल बमोजिमको लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

| क्र .सं | स्वच्छ उर्जा प्रविधि जडान | वार्षिक माग संख्या | जडान दर | कुल लागत | स्थानीय तहको सहभागिता % | सहभागिता रकम |
|---|---|---|---|---|---|---|
| १ | विद्युतिय चुलो जडान कार्य | १००० | ४५०० | ४५,००,००० | १९% | ८,५५,०००/- |
| २ | वायोग्याँस जडान कार्य | १० | ८०००० | ८,००,००० | १०% | ८०,०००/- |
| ३ | सुधारिएको चुलो जडान कार्य | ५०० | ३५०० | १७,५०,००० | १५% | २,६२,५००/- |
| | | | | | | |
| जम्मा लागत सहभागिता रकम | | | | | | रु११.,९७,५००/- |

आजको बैठक ५:३० वजे समाप्त भयो।

वैठकको निर्णय माईनटगर्ने : प्रज्ञादेवी निरौला, निर्देशक

कार्यपालिका बैठकमा पेश गर्ने प्रस्तावहरुको सूचि (भवन नियमन शाखा)

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिनेश शर्मा तिम्सिना | ११ | २०८०।०६।२६ | गेहराज मार्ग | १४ फि. | चतरा लाईन | उत्तर बन्द | नगरप्रमुख स्तरिय निर्णय भएको (अनुमोदनका लागि पेश) |
| २ | शशिकला याक्सो समेत ५जना | १५ | २०८०।०७।२३ | शहिद मार्ग लुप | १४ फि. | शहिद मार्ग लुप | कि.नं.३४३८,को उत्तरपूर्व कुना सम्म, (निरन्तरता) | नगरप्रमुख स्तरिय निर्णय भएको (अनुमोदनका लागि पेश) |
| १ | निता विश्वकर्मा समेत | १७ | | सन्देश मार्ग | १४ फि. | प्रस्तावित खहरे करिडोर | पश्चिम (बन्द) | प्रस्ताव पेश |

## बाटोको नाम तथा मापदण्ड परिर्वतन

| क्र.सं. | निवेदक | वडा नं. | साविकमा भएको नाम | हाल प्रस्ताव गरिएको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुशिला चापागाई, अध्यक्ष श्रद्धाञ्जली मार्ग कालोपत्रे तथा स्लाव निर्माण उपभोक्ता समिति | १५ | श्रद्धाञ्जली मार्ग | श्रद्धा मार्ग | प्रस्ताव पेश |

## चोक नामाकरण

| क्र.सं. | निवेदक | वडा नं. | साविकमा भएको नाम | नामाकरणका लागि मांग भएको चोकको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | किरात याक्थुङ चुम्लुङ, उपमहानगर कार्य समिति, धरान | ८ | तिनकुने, धरान–८ | तिनकुने सिरीजंङ्गा चोक | प्रस्ताव पेश |